'थाहा नगर विकासको आधार, कृषि, पर्यटन र पूर्वाधार'

# थाहा नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

ईन्द्रायणी चौर, मकवानपुर

बागमती प्रदेश, नेपाल

☎ ०५७-४०००५६
०५७-४०००६६
०५७-४०००८६

पत्र संख्या: ०७९/०८०

चलानी नम्बर: ११०६

मिति : २०७९/०७/०४

विषय : निर्णय पठाइएको सम्बन्धमा ।

श्री वडा कार्यालय सबै,
थाहा नगरपालिका ।

थाहा नगरपालिका नगर कार्यपालिकाको मिति २०७९/०७/०३ गते बसेको बैठकको निर्णय आवश्यक कार्यार्थ यसैपत्रसाथ संलग्न गरी पठाइएको व्यहोरा अनुरोध छ ।

(होमनाथ काफ्ले )
प्रमुख प्रशासकीय अधिकृत

होमनाथ काफ्ले
(प्रमुख प्रशासकीय अधिकृत)

**निर्णय नं. १.**

भू-उपयोग ऐन, २०७६ ले तोकेबमोजिम थाहा नगरस्तरीय भू-उपयोग कार्यान्वयन समितिमा देहाय बमोजिम सरोकारवालाहरुलाई सदस्यमा मनोनित गर्ने र भू-उपयोग सम्बन्धमा वडा समितिहरुले वडाभित्र आवश्यकताका आधारमा छलफल गराई २०७९।०७।२० भित्र नगरपालिकामा पेश गर्ने निर्णय गरियो ।

**देहाय :**

१) श्री सुनिता दोङ, थाहा-११

२) श्री सुविन भक्त श्रेष्ठ, थाहा-६

३) श्री शुभराज गोले, थाहा-७

४) श्री राममाया के.सी., थाहा-४

**निर्णय नं. २.**

थाहा नगरपालिका वडा नं ५ फुर्केमा जग्गाधनी विष्णु बहादुर गुरूङ सहित ३ जनाको नाममा दर्ता कायम भएको १९ रोपनी जग्गाबाट माटो उत्खनन गरी बिक्री प्रयोजनका पठाउने सम्बन्धमा जग्गा धनिका मार्फत पेश भएको प्रारम्भिक वातावरणीय प्रभाव मुल्याङ्कण प्रतिवेदन विज्ञको सुझाव सहित पारित गर्ने तथा थाहा नगरपालिका क्षेत्रबाट माटो बिक्रीका लागि उत्खनन गर्दा प्रदेश आर्थिक ऐन २०७९ माटो बिक्रीको व्याख्यात्मक वाक्यमा व्यवस्था भए बमोजिम प्रति घन फिट रू. ६ रूपैया तोक्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

विविध सम्बन्धमा

क) थाहा नगरपालिकाको कोशेली घर सञ्चालन व्यवस्थापन कार्यविधि २०७६, प्रथम संशोधन २०७८ बमोजिम थाहा ४ स्थित थाहा पार्कसँगै एफ.एम. डाँडामा स्थापना गरिएको कोशेली घरलाई सञ्चालन व्यवस्थापन गर्नका लागि देहाय बमोजिम समिति गठन गर्ने निर्णय गरियो ।

देहाय :

| | |
|---|---|
| संयोजक | : श्री राजकुमार पन्थ |
| सदस्य | : श्री राममाया के.सी (महिला उधमी) |
| सदस्य | : श्री उद्योग वाणिज्य संघ प्रतिनिधी |
| सदस्य | : श्री शाखा प्रमुख (सामाजिक विकास शाखा) |
| सदस्य | : श्री च्वाईस नेपाल |

थाहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चित्लाङ चौर, मकवानपुर
बागमती प्रदेश, नेपाल

ख) ओम काला भैरव कन्स्ट्रक्सन प्रा.लि. थाहा ३ ले यस कार्यालयमा 'घ' वर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्बन्धी कार्यविधि २०७७ बमोजिम निर्माण व्यवसायी इजाजतका लागि आवश्यक कागजात सहित पेश भएको निवेदन उपर कारवाही हुँदा कार्यविधिको अनुसुची ५ बमोजिमको योग्यता पुरा भएको देखिएकोले नियमानुसार इजाजतपत्र जारी गर्ने निर्णय गरियो ।

ग) थाहा-६ स्थित सेरिगेशन हाउस मर्मत तथा निर्माणका लागि लवग्रीन नेपालसँग सहकार्य भएको र कुल स्वीकृत लागत रु. १२,८०,०००।- को सहकोष बापतको रु. ६,३०,०००।- नगरपालिकाको स्वीकृत कार्यक्रम संघसंस्था सहकार्य योजनाबाट विनियोजन गर्ने निर्णय गरियो ।

घ) थाहा नगरपालिकाको पर्यटन प्रवर्द्धन गर्नका लागि कार्तिक १८-२० सम्म काठमाण्डौंको बसन्तपुर क्षेत्रमा फोटो प्रदर्शनी कार्यक्रम थाहा नगरपालिकाको आयोजना, फरक सोचको व्यवस्थापन र अध्याय रिसोर्टको सहयोगमा सञ्चालन गर्ने र सोको खर्च व्यवस्थापन नगरपालिका मार्फत गर्ने निर्णय गरियो ।

ङ) प्राकृतिक स्रोत (ढुङ्गा, गिटी, बालुवा) को ठेक्का बन्दोवस्त मार्फत आन्तरिक राजश्व संकलन सम्बन्धमा यसअघि ३ पटक ठेक्का आव्हान भएतापनि ठेक्का कबोल हुन नसकेकोले पुरक IEE प्रतिवेदन र राजश्व परामर्श समितिको सुझावको आधारमा नगर प्रमुखस्तरीय निर्णयबाट ३० दिने सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

थाहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
इन्द्राणी चौर, मकवानपुर
बागमती प्रदेश, नेपाल